**Patan Pragya** *(Volume: 12, Number: 1, 2023)* *ISSN 2594-3278*

Received Date: April 2023 Revised: June 2023 Accepted: July 2023

# व्याकरणको व्यावहारिक शिक्षणमा पाठ्यरचनाको प्रयोग

**डा. ढुण्डिराज पहाडी**
उपप्राध्यापक
पाटन संयुक्त क्याम्पस, पाटनढोका

***Doi :*** *https://doi.org/10.3126/pragya.v12i01.61646*

**लेखसार**

*व्याकरण भनेको भाषाको नियम हो । भाषाका वर्ण, रूप, पद, पदावली, वाक्य आदिमा अन्तर्निहित व्यवस्थालाई व्याकरण भनिन्छ । विश्वका विभिन्न देशमा विकसित सबै भाषा व्यवस्थित हुने भएकाले ती भाषामा आफ्ना मौलिक व्याकरण पाइन्छन् । नेपाली भाषाको पनि आफ्नै मौलिक र विशिष्ट व्यवस्था छ । नेपाली भाषाको यो विशिष्ट व्यवस्थाको अध्ययन प्रयोगबाट गरिन्छ । नेपाली भाषाको प्रयोगका विविध क्षेत्र छन् । तीमध्ये पठनपाठनका क्षेत्रमा प्रयोग हुने नेपाली भाषाको व्याकरण शिक्षणलाई रचनामुखी, प्रयोगमुखी र व्यावहारिक कसरी बनाउन सकिन्छ भन्ने विमर्शमा प्रस्तुत लेख केन्द्रित छ । त्रिभुवन विश्वविद्यालयको चारबर्से स्नातक तहमा पढाइ हुने अनिवार्य नेपालीको पाठ्यक्रमले त्यस तहमा निर्धारण गरेको नेपाली साहित्यिक रचनाका माध्यमबाट गरिने व्याकरण शिक्षणको प्रभावकारिताको विश्लेषणका निम्ति कविता, कथा, निबन्ध र नाटकमध्ये कथा र निबन्धलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरी विवेच्य लेखको विश्लेषण गरिएको छ । स्नातक तहको उक्त पाठ्यक्रमले भाषिक सिपको अभिवृद्धिका निम्ति व्याकरणको पाठ्यविषय राखेको हो । व्याकरणको सिद्धान्त पढाई नेपाली भाषाको व्यवस्थासँग विद्यार्थीलाई परिचित गराउन खोज्ने परम्परित र निगमनात्मक व्याकरण शिक्षण पद्धतिभन्दा विद्यार्थीले सम्बन्धित तहमै अध्ययन गर्नु पर्ने साहित्यिक रचनालाई व्याकरण शिक्षणका निम्ति सामग्री बनाई अध्यापन गरिने प्रयोगात्मक व्याकरण शिक्षण पद्धति वस्तुगत, व्यावहारिक र प्रभावकारी हुन्छ भन्ने निष्कर्ष प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।*

**शब्दकुञ्जी :** आगमन विधि, निगमन विधि, सङ्कथनात्मक अभ्यास, विद्यार्थीकेन्द्री शिक्षण, रचनामुखी व्याकरण ।

## विषयपरिचय

व्याकरणलाई भाषाको अभिन्न अङ्ग मानिन्छ । भाषाबिना व्याकरणको अस्तित्व नरहने भएकाले व्याकरण र भाषालाई अलग मानेर शिक्षण गर्नु निरर्थक प्रयास मात्र हो भन्ने स्पष्ट हुन्छ । व्याकरणले भाषाको रूपगत तथा वाक्यगत संरचनाको वर्णन र विश्लेषण गर्छ । नेपाली भाषाको व्याकरणले पनि यस भाषाका वर्ण, रूप, पदपदावली तथा वाक्यमा अन्तर्निहित संरचनालाई सुव्यवस्थित ढङ्गले वर्णन र विश्लेषण गर्दै आएको छ । आधुनिक कालमा व्याकरणको शिक्षण भाषिक सिप अभिवृद्धिकै निम्ति गरिन्छ । व्याकरण शिक्षणमा सैद्धान्तिक तथा परम्परित पद्धतिको पनि प्रयोग भएको पाइन्छ । परम्परित दृष्टिले गरिने शिक्षणमा व्याकरणलाई भाषाको साधन होइन साध्य नै मानेर अध्ययन गरेको पाइन्छ । भाषा सिकेपछि मात्र त्यसलाई शुद्ध बनाउन व्याकरणलाई साधन बनाइन्छ । व्याकरण सिकेर भाषा शुद्ध रूपमा प्रयोग गर्न सकिन्छ भन्नु अवैज्ञानिक दृष्टिकोण हो । व्याकरण शिक्षणको प्रयोजन भाषा शिक्षणलाई पूरक र परिपोषक बनाएर प्रयोक्तालाई कुशल बनाउनु हो । प्रस्तुत अध्ययनमा विशेष गरी स्नातक तहको अनिवार्य नेपाली विषयमा गरिने व्याकरण शिक्षणको समस्यालाई केन्द्रबिन्दु बनाई परिभाषाको प्रस्तुति र उदाहरणद्वारा त्यसको पुष्टि गर्ने सैद्धान्तिक व्याकरण शिक्षणभन्दा विद्यार्थीलाई नै सहभागी गराएर उनीहरूलाई नै पाठ्यरचनाबाट उदाहरण खोज्न लगाई नियम बुझ्न सक्ने बनाउने व्याकरण शिक्षण पद्धति व्यावहारिक र वैज्ञानिक हुन्छ भन्नेतर्फ विमर्श गराउन खोजिएको छ । विवेच्य सन्दर्भमा पाठ्यरचना भन्नाले त्रि.वि. को चारबर्से अनिवार्य नेपाली विषयमा निर्धारित

पाँच ओटा कथा र चार ओटा निबन्धलाई मानिएको छ । पाठ्यरचनाका शब्द, पदावली, वाक्यको भाषिक संरचनाको प्रयोग र पर्यवेक्षणका आधारमा व्याकरणको बोध गराउने र त्यसबाटै प्राप्त सुझ र सिपलाई रचनात्मक कौशलको अभिवृद्धिमा जोड्ने प्रयोजनका निम्ति नेपाली व्याकरण शिक्षणको प्रयोगात्मक पद्धति उपयोग गर्नुपर्छ भन्ने दृष्टिकोणमा प्रस्तुत अध्ययन केन्द्रित छ ।

विद्यार्थीहरूलाई नेपाली भाषाको रचनात्मक प्रयोगबाट यस भाषाको व्यवस्थागत विशिष्टताको खोजी गर्न सक्षम बनाउने उद्देश्यले पाठ्यरचनामार्फत रचनामुखी व्याकरण सिकाइन्छ । नेपाली भाषाको अभिव्यक्ति सिपलाई सुदृढ बनाउन र नेपाली साहित्यमा प्रयुक्त भाषा तथा व्याकरणको व्यवस्थासँग विद्यार्थीलाई सुपरिचित गराउन व्याकरण शिक्षणको सिलसिलामा पाठ्यरचनाको उपयोग गर्ने पद्धति निकै महत्त्वपूर्ण मानिन्छ । उच्च शिक्षामा अनिवार्य नेपालीको पठनपाठनमा चल्दै आएको शिक्षक केन्द्रित एकपक्षीय व्याख्यान विधिभन्दा विद्यार्थीलाई सहभागी गराएर रचनामा अन्तर्निहित व्याकरण व्यवस्थाको खोजी गराउने विद्यार्थीकेन्द्री व्यावहारिक विधि शैक्षिक दृष्टिले नतिजामुखी, वस्तुगत र प्रभावकारी देखिन्छ । यति औचित्यपूर्ण विषयको पर्याप्त विमर्श भएको नदेखिएकाले प्रस्तुत अध्ययन अगाडि बढाइएको हो । पाठ्यरचनाबाटै शब्द, पदपदावली, वाक्य खोज्न लगाई व्याकरणको अभ्यास गराउने विधि विद्यार्थी केन्द्रित विधि हो । यसका बारेमा सामान्य अध्ययन मात्र भएको देखिन्छ । त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायमा ऐच्छिक समूहतर्फ नेपाली भाषाशिक्षण विषयमा यस विषयको पठनपाठन हुने, शोधपत्रहरू लेख्न लगाइने गरे पनि अन्य सङ्कायअन्तर्गत अनिवार्य नेपाली शिक्षणमा प्राज्ञिक समस्याका रूपमा यसले कमै चर्चा पाएको छ । नेपाली भाषाशिक्षणमा हेमाङ्गराज अधिकारीद्वारा लिखित 'नेपाली भाषा शिक्षण' (२०३९), 'भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति' (२०४६) जस्ता पुस्तकमा यस विषयमा चर्चा गरिएको छ । त्रि.वि. को पाठयक्रम विकास केन्द्रले पनि अनिवार्य नेपालीको पाठ्यक्रममा विशेष गरी व्याकरण खण्डका पाठ्यवस्तुहरू बढी सैद्धान्तिक भएको ठानी व्याकरण शिक्षणलाई रचनामुखी र संप्रेषणात्मक प्रकृतिको बनाउने प्रयासस्वरूप 'अनिवार्य नेपाली शिक्षण निर्देशिका' (२०६६) प्रकाशित गरी संस्थागत प्रयासको थालनी गर्दै सुधारको प्रक्रिया अघि बढाएको देखिन्छ । त्रि.वि. पाठ्यक्रम विकास केन्द्रबाटै विभिन्न सङ्कायमा स्नातक तहको चारबर्से पाठ्यक्रम लागु भएको सन्दर्भमा स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीका लागि अनिवार्य नेपाली पाठ्यांश २०७६ निर्माण गर्दै 'नेपाली साहित्यिक रचना' शीर्षकको पुस्तक समेत प्रकाशित गराई व्याकरण शिक्षणलाई व्यावहारिक बनाउने प्रयास भएको छ । यी सैद्धान्तिक प्रकृतिका निर्देशन र सङ्केत मात्र हुन् । व्याकरण शिक्षणमा पाठ्यरचनाको प्रयोग कसरी गरिन्छ भन्ने सोदाहरण विश्लेषणको रिक्ततालाई यस अध्ययनले पूरा गर्ने प्रयत्न गरेको छ । अतः व्याकरण शिक्षणका अवधारणा र विधिको विमर्शसहित उच्च शिक्षामा पठनपाठन हुने अनिवार्य नेपाली विषयका पाठ्यरचनाको प्रयोग व्याकरण शिक्षणमा के कसरी गरिन्छ भन्ने प्रमुख प्राज्ञिक जिज्ञासाको समाधानमा प्रस्तुत अध्ययन केन्द्रित छ । व्याकरण शिक्षणमा प्रयुक्त आगमन विधिको निरूपण गरी व्याकरण शिक्षण र साहित्यिक रचना शिक्षणको अन्तर्सम्बन्धको विश्लेषण र मूल्याङ्कन गर्नु विवेच्य लेखको उद्देश्य हो ।

## अध्ययनको विधि

गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत चारबर्से स्नातक तह अनिवार्य नेपाली विषयको निर्धारित पाठ्यपुस्तक 'नेपाली साहित्यिक रचना' मा सङ्कलित पाँच ओटा कथा र चार ओटा निबन्धहरू प्रस्तुत अध्ययनका प्राथमिक सामग्री हुन् । प्रस्तुत अध्ययनमा उपयोग गरिएका अन्य पुस्तकहरू यसका द्वितीयक सामग्री हुन् । सङ्कलित सामग्रीको अध्ययनबाट प्राप्त तथ्यहरूलाई सत्यापन गर्दा मूलतः वर्णनात्मक विधिलाई अवलम्बन गरिएको छ ।

व्याकरण शिक्षणमा प्रयोग हुने आगमन विधिको अवधारणात्मक परिचर्चाका आधारमा प्राप्त निष्कर्षबाट विश्लेषणको मानदण्ड बनाई विवेच्य लेखको मूल्याङ्कन गरिएको छ । पाठ्यरचनाका व्याकरण

शिक्षणका निम्ति सङ्कलित सामग्रीको वस्तुनिष्ठ विश्लेषण गर्दा निगमन विधिसँग तुलना गरिएको छ । यस अध्ययनमा व्याकरण शिक्षणका निम्ति पाठ्यरचनाको छनोट गर्दा कथा, निबन्ध जस्ता गद्यरचनालाई मात्र चयन गरिएको छ ।

## व्याकरण शिक्षणको अवधारणा

व्याकरण भाषाकै अन्तर्निहित व्यवस्था भएकाले यो भाषाको अभिन्न अङ्ग हो भन्ने माथि नै चर्चा भइसकेको छ । व्याकरणको सैद्धान्तिक पक्षको ज्ञान नहुनेले पनि व्याकरणसम्मत भाषाको प्रयोग गर्न सक्छ । व्याकरणको औपचारिक र सैद्धान्तिक सिकाइभन्दा सुनेर, बोलेर, पढेर र लेखेर प्राप्त अनुभवका आधारमा ग्रहण गरेको व्याकरणात्मक धारणा भाषा सिकाइमा बढी प्रभावकारी हुन्छ । परम्परित व्याकरण शिक्षणमा भाषालाई अलग्गै र व्याकरणलाई अलग्गै सिकाउने गरिन्थ्यो । यस्तो शिक्षण सिक्नेहरूका निम्ति अमूर्त, अप्रासङ्गिक र अव्यावहारिक मानिन्छ । भाषा सिक्नु भनेको शुद्ध पार्ने नियम सिक्नु होइन । भाषा सिक्नु भनेको भाषा प्रयोग गर्न सक्षम हुनु हो । भाषाका प्रयोक्ताले प्रसङ्ग अनुकूल मौखिक तथा लिखित रूपमा भाषा संप्रेषण गर्न सक्यो भने भाषिक कुशलता प्राप्त भएको मानिन्छ । भाषाको प्रयोगमा अनुभव प्राप्त गर्नु व्याकरणको सैद्धान्तिक ज्ञानभन्दा महत्त्वपूर्ण हुन्छ । नेपाली भाषामा सैद्धान्तिक व्याकरणको आरम्भ १९६९ मा हेमराज पण्डितद्वारा प्रकाशित 'चन्द्रिका गोरखा भाषा व्याकरण' ले गरेको हो । नेपालीमा लेखिएको पहिलो विस्तृत र मानक व्याकरण हेमराज पण्डितको उक्त व्याकरणलाई नै मानिएको छ (शर्मा, २०७१, पृ. ८) । प्रस्तुत व्याकरणकै पथको अनुसरणमा प्रकाशित परम्परित नेपाली व्याकरणहरूमा सोमनाथ शर्माको 'मध्यचन्द्रिका' (१९७६), पुष्कर समशेरको नेपाली सजिलो व्याकरण (२००१), कृष्णप्रसाद पराजुलीको 'राम्रो रचना मिठो नेपाली' (२०२३), रोहिणीप्रसाद भट्टराईको 'बृहत् नेपाली व्याकरण' (२०२३) आदि देखिए । त्यसपछि परम्परित व्याकरणको ठाउँ आधुनिक भाषाविज्ञानले लिएको देखिन्छ । व्याकरणलाई भाषाको महत्त्वपूर्ण तत्त्व मान्ने भाषाविज्ञानीहरूको दृष्टिकोणले व्याकरण शिक्षणमा समेत प्रभाव परेको तथ्य मोहनराज शर्मा (२०७१) ले प्रस्तुत गरेको पाइन्छ ।

विद्यालय र महाविद्यालयका कक्षामा प्रयोग गरिने प्रयोजनले लेखिएका नेपाली शैक्षणिक व्याकरणहरू पनि आधुनिक भाषाविज्ञानकै दृष्टिकोणबाट प्रभावित देखिन्छन् । शैक्षणिक दृष्टिले हेर्दा विद्यार्थीलाई नेपाली भाषाको मानक प्रयोगसँग परिचित गराई व्याकरणसम्मत रचना गर्न सक्ने बनाउने ध्येयले व्याकरण सिकाउन खोजेको पाइन्छ । 'चन्द्रिका' व्याकरणदेखि 'बृहत् नेपाली व्याकरण' सम्मका परम्परागत व्याकरणका सूत्र र सिद्धान्त पढाई विद्यार्थीलाई नेपाली भाषा प्रयोगमा कुशल बनाउने व्याकरण शिक्षण पद्धति अव्यावहारिक अवधारणामा आधारित पठनपाठन पद्धति हो । यस्तो व्याकरण शिक्षण पद्धति परम्परागत निगमनात्मक विधिमा आधारित शिक्षण पद्धति भएकाले यसको उपादेयता वर्तमान भाषा शिक्षणमा उपयोगी देखिँदैन । व्याकरणको सुझ र सिपलाई रचनात्मक सिपसित जोड्ने उद्देश्यले शिक्षण गर्नु आधुनिक व्याकरण शिक्षण पद्धतिको प्रयोजन मानिन्छ । त्रि.वि. अन्तर्गत चारबर्से स्नातक तह अनिवार्य नेपाली विषयको पाठ्यक्रमले पनि यही उद्देश्यलाई आत्मसात् गरेको छ । भाषाको व्यावहारिक र कार्यमूलक ज्ञान र सिप आर्जन गर्नु भाषाशिक्षणको महत्त्वपूर्ण उपलब्धि हो । व्याकरणको ज्ञानले भाषाको संरचनालाई निर्देशित गर्छ । शब्दवर्ग, रूपायन, व्युत्पादन प्रक्रिया, वाक्यहरूको गठन तथा तिनको कार्यलाई व्याकरणको ज्ञानले सहयोग गर्छ । भाषाको प्रयोग भनेको ती व्याकरणात्मक तत्त्वहरूको विभिन्न प्रसङ्गमा औचित्यपूर्ण उपयोग गर्ने क्षमता हो (अधिकारी, २०५०, पृ. १४९) । व्याकरण शिक्षणमा प्रयोगपरकतालाई विशेष जोड दिनुपर्छ भन्ने तथ्यलाई यस मतले महत्त्व दिएको छ । प्रसङ्गबिनाको परिभाषा, नियम र सैद्धान्तिक प्रस्तुतिले अभिव्यक्ति सिप सबल हुन सक्तैन भन्ने आशय हेमाङ्गराज अधिकारी (२०५०) को मतमा पाइन्छ । साहित्य शिक्षण र भाषा शिक्षणको अवधारणा फरक फरक जस्तो देखिए पनि साहित्यभित्र भाषाकै प्रयोग हुने भएकाले व्याकरण शिक्षणमा साहित्यमा प्रयुक्त शब्द, पदपदावली, वाक्य आदिको सार्थक प्रयोग र प्रसङ्ग देखाएर व्याकरणको संरचनाको बोध गराउन सकिन्छ ।व्याकरणमा पाइने परिभाषा, नियम र सिद्धान्तको भाषानिरपेक्ष सिकाइले विद्यार्थीको रचनात्मक अभिव्यक्तिमा सघाउ पुग्दैन ।

साहित्य भाषाको अभिव्यक्ति भेद हो । भाषाको विशिष्ट प्रयोग आवश्यकता विशेष र सन्दर्भ विशेषमा देखिन्छ । प्राविधिक भेद, कानुनी भेद जस्तै साहित्य पनि भाषिक भेदअन्तर्गत पर्दछ । साहित्य शिक्षणले विद्यार्थीलाई आत्मिक, बौद्धिक, सांवेगिक खुराक प्राप्त गर्न तथा उच्चम संस्कारसहित व्यक्तित्व विकास गर्न सहयोग पु¥याउँछ (अधिकारी, २०५३, पृ. १७३) । साहित्यका विधा कविता, कथा, नाटक, निबन्ध पढेर विद्यार्थीमा कल्पना शक्तिको विकासका साथसाथै विद्यार्थीमा मानवीय अनुभव र जीवनजगत्प्रति समालोचकीय धारणाको विकास गर्न पनि मद्दत पुग्छ । साहित्यको विशिष्ट प्रयोग बुझ्न विद्यार्थीमा भाषाको सामान्य प्रयोगको ज्ञान र सिप हुनुपर्छ । साहित्यलाई बोध गर्न शब्द, वाक्य आदि भाषिक संरचनाको ज्ञान हुनुपर्छ भन्ने आधुनिक भाषाविज्ञान तथा शैलीविज्ञानले समेत स्विकारेको छ । त्यसर्थ साहित्यिक रचनाको बोध तथा समीक्षणका निम्ति पाठ्यरचनाबाटै व्याकरण शिक्षण गराई त्यसकै आधारमा साहित्य शिक्षणतर्फ लाग्नु वस्तुसङ्गत मानिन्छ । व्याकरण शिक्षणलाई प्रभावकारी बनाउने केही विधिहरू प्रयोग र प्रचलनमा देखिन्छन् । तीमध्ये आगमन र निगमन विधिको विवेच्य सन्दर्भमा यहाँ सङ्क्षिप्त चर्चा गरिएको छ :

### (क) आगमन विधि

भाषाको सिप तथा प्रयोग अभ्यासका आधारमा गरिने भएकाले आगमन विधि व्याकरण शिक्षणका निम्ति उपयोगी मानिन्छ । ज्ञातबाट अज्ञात विषयको शिक्षण गराउन आगमन विधिको सहयोग लिइन्छ । व्यवहारवादी मनोवैज्ञानिकहरू आगमन विधिका पक्षपाती देखिन्छन् । संरचनावादी तथा क्षेत्रीय पद्धतिवादी भाषावैज्ञानिकहरू आगमनात्मक पद्धतिमा जोड दिन्छन् (अधिकारी, २०५३, पृ. ७५) । आगमनात्मक पद्धतिले भाषालाई ज्ञान र सिद्धान्तको विषय नभई सुनेर, बोलेर, पढेर, लेखेर सिकिने प्रायोगिक क्रियाकलापको रूपमा लिएको पाइन्छ । यस विधिले व्याकरणको औपचारिक शिक्षणलाई महत्त्व नदिएको देखिन्छ । आगमन विधिद्वारा व्याकरण सिकाउँदा शिक्षणको क्रममा विद्यार्थीलाई उदाहरणहरू सङ्कलन गर्न लगाइन्छ । जुन व्याकरणात्मक तत्त्व सिकाउनु छ ती तत्त्व भएका प्रशस्त उदाहरण विद्यार्थीले खोजेपछि उनीहरूका पाठ्यपुस्तक वा पाठ्यरचनाबाटै ती उदाहरणसँग मिल्ने वाक्य, शब्दको खोज तथा पर्यवेक्षण गराइन्छ । यस्तै प्रकृतिका वाक्यहरूको उदाहरण भन्न लगाएर, खोज्न उत्प्रेरित गराएर व्याकरण सिकाउनु आगमन विधिको अनुसरण हो । व्याकरण भाषाको अङ्ग वा साधन भएकाले भाषा प्रयोगमै अभ्यस्त गराएर यसको व्यवस्थाको बोध गराउनु उचित हुन्छ । साहित्यिक रचनाको भाषिक पक्षमा विद्यार्थीलाई संलग्न गराएर शब्दको बनोट, वर्ग, वाक्यको प्रकार, पहिचानमा अभ्यस्त गराउने र उनीहरूले खोजेका उदाहरणको प्रयोग गरी अनुच्छेदरचना, विधा रचना गराउन सके व्याकरण शिक्षण मूर्त, रोचक र व्यावहारिक हुन्छ । उदाहरणहरूलाई नै सामान्यीकरण गरी नियम बनाउन सके आगमन विधिको प्रयोग प्रभावकारी हुन्छ । विशेषण सिकाउनु छ भने पाठ्यरचनाबाटै विद्यार्थीलाई सानो, ठुलो, परिश्रमी आदि शब्द खोज्न लगाएर थप उदाहरण समेत भन्न लगाई व्याकरणमा यसको अवधारणा दिन सकिन्छ ।

### (ख) निगमन विधि

व्याकरण शिक्षणमा निगमन विधि निकै पुरानो विधि हो । निगमन विधिलाई आगमन विधिको विपरीत पद्धतिका रूपमा लिइन्छ । निगमन पद्धतिमा सिकाइ सिद्धान्त पक्षबाट प्रयोग पक्षतर्फ उन्मुख हुन्छ । नियम, परिभाषा र सिद्धान्त प्रस्तुत गरेर व्याकरण सिकाउने विधि वा पद्धति निगमनात्मक प्रक्रियामा पर्दछ । शिक्षणमा मात्र होइन अनुसन्धानमा समेत आगमन विधिको विपरीत प्रक्रियाका रूपमा निगमन विधिको प्रयोग गरिन्छ । अनुसन्धानमा पूर्वज्ञानका आधारमा अनुसन्धाताले एउटा प्राक्कल्पना बनाई त्यसैका आधारमा तथ्यतिर जाने प्रक्रियालाई निगमन पद्धति भनिन्छ (बन्धु, २०६५, पृ. ५) । शिक्षणका क्रममा हामी सिद्धान्तलाई प्रस्तुत गरेर त्यसका निम्ति उदाहरण दिन्छौँ भने त्यस्तो प्रक्रियालाई निगमन भनिन्छ भन्दै बन्धु (२०६५) ले विशेषण शिक्षणको उदाहरण दिएका छन् । नामको विशेषता बताउनेलाई विशेषण भनिन्छ भन्ने बताएपछि विशेषणको उदाहरण खोजिन्छ । जस्तै - मोटो, राम्रो, सिपालु आदि उदाहरण दिएर विशेषणको पूर्वपरिभाषालाई पुष्टि गर्नु

निगमन विधिको प्रयोगको अनुसरण हो । स्थापित सिद्धान्तको परीक्षणका लागि गरिएका अध्ययन निगमनात्मक विधिमा नै आधारित हुन्छन् भन्ने बन्धु (२०६५) को मत देखिन्छ ।

निगमन विधि भाषाबाट व्याकरण तत्त्वलाई छुट्टै राखेर शिक्षण गर्ने विधिका रूपमा देखिएको छ । सूत्र, परिभाषा आदिको सहाराले पूर्वस्थापित र पूर्वनिश्चित एवम् सामान्यीकृत धारणालाई विद्यार्थीहरूमा प्रस्तुत गर्ने पद्धतिका रूपमा निगमन विधि चिनिन्छ (अधिकारी, २०५०, पृ. १५७) । यसमा उदाहरण, प्रयोग र अभ्यासभन्दा बढी सामान्यीकृत धारणा सुरुमै राखिन्छ । यस विधिलाई अमनोवैज्ञानिक, सिद्धान्तमुखी र शिक्षकमुखी शिक्षण विधिका रूपमा पनि चिनाइन्छ । व्याकरण शिक्षणमा यस विधिलाई प्रयोगनिरपेक्ष विधिका रूपमा लिइन्छ ।

### व्याकरण शिक्षण र साहित्य शिक्षणबिचको अन्तर्सम्बन्ध

साहित्य भाषिक कला हो । भाषाको सामान्य रूपबाट साहित्यको विशिष्ट भाषिक रूपमा रूपान्तरण भएपछि अभिव्यक्तिको ढाँचा जटिल हुँदै जान्छ । साहित्यिक भाषा बुभ्न भाषिक व्यञ्जना, अलङ्कार तथा त्यसभित्रको विचलन प्रक्रियाको ज्ञान हुनु आवश्यक ठानिन्छ । साहित्य कला हो तर प्रत्येक कला साहित्य होइन । कलाको क्षेत्र व्यापक रहेको छ । मूर्तिकला, चित्रकला, गायन कला जस्ता अनेक कला जस्तै साहित्य भाषिक कला वा भाषाव्यापार हो (शर्मा, २०४८, पृ. २०) । प्रत्येक भाषाव्यापार साहित्य हुँदैन । विज्ञान, इतिहास, भूगोल भाषामा लेखिन्छन् तर ती साहित्य होइनन् कला र भाषाको समन्वित रूप साहित्य हो भन्ने समीक्षक मोहनराज शर्मा (२०४८) को मत छ । साहित्यलाई कलाका दृष्टिले शिक्षण गर्नुभन्दा भाषाका दृष्टिले शिक्षण गर्दा भाषिक कलाका रूपमा विद्यार्थीले बोध गर्न सक्छन् । साहित्यभित्रको भाषिक व्यवस्था बुभ्काउन त्यसका शब्द, शब्दको बनोट, रूप, वाक्यविन्यास, वाक्यढाँचा जस्ता सामग्रीलाई उपयोगमा ल्याइन्छ । साहित्यको भाषिक व्यवस्था वा संरचनै नबुभ्की कलाका तहमा यसलाई बुभ्न बुभ्काउन कठिन हुन्छ । अतः साहित्यको सामग्री वा साधन भाषा नै भएकाले भाषाको तहमा विद्यार्थीलाई व्याकरण सिकाउन साहित्य पनि सामग्री बन्छ । साहित्य व्याकरण सिकाउने सामग्री भएकाले भाषाको उपयोग गरी विद्यार्थीलाई विशिष्ट भाषिक रूपका तहमा साहित्य सिर्जना गर्न लगाउन पनि सकिन्छ । साहित्यको यही उभयमुखी स्वरूपका कारण साहित्यिक रचनाभित्र रहेका भाषिक रूपलाई व्याकरण सामग्रीका रूपमा प्रयोग गर्ने र व्याकरणको सामग्री भाषिक रूपलाई प्रयोग गरी साहित्य रचना गर्ने दोहोरो क्रियाकलापका आधारमा व्याकरण शिक्षण र साहित्य शिक्षणका बिचमा पारस्परिक सम्बन्ध छ भनिएको हो ।

पाठ्यरचना शिक्षण गर्दा भाषा तत्त्वबाट भिन्न बनाई सिकाउनु व्यावहारिक हुँदैन । रचनाको भाव वा सन्देशको बोध भाषाबाटै हुने भएकाले पाठ्यरचनाका कथा, निबन्ध, नाटक आदि विधाका शब्द, वाक्य गठन, शब्दनिर्माण आदिको शिक्षण साहित्यिक पाठकै आधारमा गर्नु सान्दर्भिक हुन्छ । चारबर्से स्नातक तहको अनिवार्य नेपाली विषयको हालको पाठ्यक्रमले पनि व्याकरण खण्डको पाठ्यविषयलाई बोध र रचना खण्डसँग जोड्ने कडीका रूपमा तर्जुमा गरेको छ (त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०५५, पृ. १५४) । भाषिक शुद्धताको सिप र दक्षता शब्द र वाक्यको तहमा भन्दा रचनाको तहमा देखिन्छ । विद्यार्थीले शुद्ध निबन्ध, शुद्ध कथा तथा पठनीय रचना सिर्जना गर्न व्याकरणको सिप र दक्षताको प्रयोग गरोस् भन्ने व्याकरण शिक्षणको उद्देश्य रहनुपर्दछ । विद्यार्थीलाई आख्यानात्मक, वर्णनात्मक, संवादात्मक अनुच्छेद रचना गर्न र उनीहरूलाई सिर्जनातिर उन्मुख गराउन व्याकरण शिक्षणको उपयोग गरिनु उपयुक्त देखिन्छ । त्यसर्थ व्याकरण शिक्षण र साहित्य शिक्षणलाई एक अर्काका पूरकका रूपमा प्रयोग गर्नु व्यावहारिक देखिएको छ ।

### व्याकरण शिक्षणमा पाठ्यरचनाका रूपमा कथांश र निबन्धांशको प्रयोग

व्याकरण शिक्षण छुट्टै विषयका रूपमा पठनपाठन हुने सैद्धान्तिक पाठ्यवस्तु होइन । यसलाई पाठ्यरचनाकै परिपूरक मानेर पढाउनुपर्छ भन्ने तथ्यलाई माथिकै विमर्शले स्पष्ट पारेको छ । त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रअन्तर्गत अनिवार्य नेपाली विषयको चारबर्से स्नातक तहको 'नेपाली साहित्यिक रचना' शीर्षकको पुस्तकमा पाठ्यरचनाका रूपमा कविता, कथा, निबन्ध र एकाङ्की (नाटक) समेत चार थरी

साहित्यिक विधाको पठनपाठन हुने गरी पाठ्यक्रम तर्जुमा गरिएको छ । प्रस्तुत अध्ययनमा विश्लेष्य विषयको निरूपण र मूल्याङ्कनका निम्ति कथा र निबन्धका अंशलाई मात्र प्रयोग गरिएको छ । कथा र निबन्धमा प्रयुक्त शब्द तथा शब्द भण्डार, वाक्य तत्त्व आदिको शिक्षणमा उपयोग गर्न सकिन्छ । निबन्ध र कथामा प्रयुक्त शब्दको स्रोत, शब्दवर्ग, शब्दबनोट, शब्दार्थ, वाक्यान्तरणअन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, करण-अकरण आदिका आधारमा विद्यार्थीलाई परिवर्तन गर्न लगाएर व्याकरण शिक्षणलाई सन्दर्भपूर्ण, व्यावहारिक र पाठमुखी बनाइन्छ । त्रि.वि. को हाल चारबर्से स्नातक तहको अनिवार्य नेपाली विषयको निर्धारित पाठ्यपुस्तक नेपाली साहित्यिक रचनामा सङ्कलित विश्वेश्वरप्रसाद कोइरालाको 'एक रात', राजेन्द्र विमलको 'लङ्का काण्ड', पद्मावती सिंहको 'आरूको बोट', ऋषिराज बरालको 'पछबरिया टोल' र महेशविक्रम शाहको 'गाउँमा गीतहरू गुन्जिँदैनन्' समेत पाँच कथाहरू साहित्यिक पाठ्यवस्तुका रूपमा राखिएको देखिन्छ । प्रस्तुत पाठ्यक्रममा लक्ष्मीप्रसाद देवकोटाको 'के नेपाल सानो छ ?', शङ्कर लामिछानेको 'गोधूलि संसार', भैरव अर्यालको 'टाउको' र शारदा शर्माको 'सुखसत्ता' जस्ता चार ओटा निबन्ध पनि साहित्यिक पाठ्यवस्तुका रूपमा समावेश गरिएका छन् । प्रस्तुत अध्ययनमा यिनै रचनालाई प्राथमिक सामग्रीका रूपमा लिइएकाले व्याकरण शिक्षणमा विमर्शका निम्ति तल प्रयोग गरिएको छ :

> <u>उता</u> डाक्टर कमिस्नरको जिपमा आफ्नो घरमा फर्केर <u>आयो</u> । उसको शरीर लगलग काँपिरहेको थियो । <u>ऊ</u> बिस्तारै <u>आफ्नो</u> कोठामा पस्यो । दुलही बिछ्यौनमा सुतिरहेकी थिई । उसले आफ्नो लुगा फुकाल्यो <u>र</u> बाथरुममा गएर <u>हात</u> धुन थाल्यो । धाराको शब्दले दुलहीको निद्रा टुट्यो ('नेपाली साहित्यिक रचना', *एक रात कथा,* पृ. २३ बाट) ।

माथिको कथांश पढी दुई तत्सम, दुई तद्भव र दुई आगन्तुक शब्दको पहिचान गर्नुहोस् भनी कथांशलाई नै आधार बनाएर शब्दस्रोतको खोजी गराउन सकिन्छ । स्नातक तहको प्रस्तुत कथांशबाट 'शरीर', 'शब्द' जस्ता शब्दलाई तत्सम 'कोठा', 'बिछ्यौना' जस्ता शब्दलाई तद्भव र 'बाथरुम', 'जिप', 'कमिस्नर', 'डाक्टर' जस्ता शब्दलाई आगन्तुक भनी विद्यार्थीले खोजेका शब्दहरूको स्रोत शिक्षकले बताउँदा व्याकरण शिक्षण व्यावहारिक बन्दछ । माथिको कथांशबाटै विकारी र अविकारी वर्ग दुवै रहने गरी दुई अविकारी वा अव्यय र चार शब्दहरू नाम, सर्वनाम विशेषण र क्रियापद समेटिने गरी रेखाङ्कित बनाएर पदवर्गको पहिचान गर्ने प्रश्न बनाउन सकिन्छ । विद्यार्थीलाई 'उता' क्रियाविशेषण, 'र' संयोजक, 'हात' नाम, 'आफ्नो' विशेषण, 'ऊ' सर्वनाम र 'आयो' क्रियापद हो भन्ने पदवर्गसम्बन्धी अभ्यास र छलफल उक्त सानो कथांशबाटै गराउन सजिलो र सान्दर्भिक हुन्छ ।

प्रस्तुत कथांशको 'ऊ बिस्तारै आफ्नो कोठामा पस्यो' जस्ता वाक्यहरूलाई लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, करण-अकरण आदि वाक्यान्तरणका प्रकारहरूमा रूपान्तरण गरेर व्याकरण शिक्षण गराउन सकिन्छ । वाक्यान्तरणको नमुनाका रूपमा उक्त वाक्यलाई यसरी देखाउन सकिन्छ :

ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । (पुलिङ्ग) ⟶ ऊ बिस्तारै आफ्नो कोठामा पसी । (स्त्रीलिङ्ग)

ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । (एकवचन) ⟶ उनीहरू बिस्तारै आफ्नो कोठामा पसे । (बहुवचन)

ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । (तृतीय पुरुष) ⟶ तँ बिस्तारै आफ्नो कोठामा पसिस् । (द्वितीय पुरुष)

म बिस्तारै आफ्नो कोठामा पसेँ र । (प्रथम पुरुष)

ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । (अनादर) ⟶ उनी बिस्तारै आफ्नो कोठामा पसे । (मध्यम आदर)

उहाँ बिस्तारै आफ्नो कोठामा पस्नुभयो । (उच्च आदर)

ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । (भूतकाल)

ऊ बिस्तारै आफ्नो कोठामा पस्छ । (वर्तमान)

ऊ बिस्तारै आफ्नो कोठामा पस्ने छ । (भविष्यत्)

ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । (सामान्य भूत)

ऊ बिस्तारै आफ्नो कोठामा पस्दै थियो । (अपूर्ण भूत)

ऊ बिस्तारै आफ्नो कोठामा पसेको थियो । (पूर्ण भूत)

ऊ बिस्तारै आफ्नो कोठामा पसेछ । (अज्ञात भूत)

ऊ बिस्तारै आफ्नो कोठामा पस्थ्यो । (अभ्यस्त भूत)

ऊ बिस्तारै आफ्नो कोठामा पस्छ । (सामान्य वर्तमान)

ऊ बिस्तारै आफ्नो कोठामा पस्दै छ । (अपूर्ण वर्तमान)

ऊ बिस्तारै आफ्नो कोठामा पसेको छ । (पूर्ण वर्तमान)

ऊ बिस्तारै आफ्नो कोठामा पस्ने छ । (सामान्य भविष्यत्)

ऊ बिस्तारै आफ्नो कोठामा पस्दै हुने छ । (अपूर्ण भविष्यत्)

ऊ बिस्तारै आफ्नो कोठामा पसेको हुने छ । (पूर्ण भविष्यत्)

विद्यार्थीलाई विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'एक रात' कथाको उक्त वाक्य टिपोट गर्न लगाई त्यसैबाट भाव, वाच्य, करण-अकरण जस्ता वाक्यान्तरणको अभ्यासका लागि यसरी उपयोग गर्न सकिन्छ :

ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । (सामान्यार्थक)

ऊ बिस्तारै आफ्नो कोठामा पसोस् । (इच्छार्थक)

ऊ बिस्तारै आफ्नो कोठामा पस्ला । (सम्भावनार्थक)

ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । (कर्तृवाच्य)

(उसद्वारा) बिस्तारै आफ्नो कोठामा पसियो । (भाववाच्य)

ऊ बिस्तारै आफ्नो कोठामा पस्यो । (करण)

ऊ बिस्तारै आफ्नो कोठामा पसेन । (अकरण)

अर्को कथांशलाई शब्दनिर्माणको शिक्षणमा यसरी प्रयोग गर्न सकिन्छ :

> मेरा वृद्ध हजुरबुबा र हजुरमुमाका चाउरी परेर झोलिएका अनुहारहरू मेरो आगमनले तन्किएका थिए । बुढ्यौलीले थला परेको उनीहरूको थिलथिलो शरीरलाई निकै बेर सुमसुम्याएँ मैले ('नेपाली साहित्यिक रचना', *गाउँमा गीतहरू गुन्जिँदैनन्*, कथा, पृ. ६० बाट) ।

कथांशबाट उपसर्ग र प्रत्यय लागेका दुई दुई शब्द खोज्नुहोस् भनी प्रश्न निर्माण गर्दै शब्दको निर्माणपद्धतिमा विद्यार्थीलाई अभ्यास गराउन सकिन्छ । प्रस्तुत कथांशबाट 'अनुहार', 'आगमन' जस्ता शब्दहरू उपसर्ग निर्मित र 'बुढ्यौली' र 'चाउरी' जस्ता शब्दहरू प्रत्ययनिर्मित हुन् भनी बताउन सकिन्छ । विद्यार्थीले सङ्कलन गरेका यी शब्दहरूको 'अनु+हार' र 'आ+गमन' जस्ता निर्माण प्रक्रिया तथा 'बुढो+यौली' र 'चाउरो+ई' रूप देखाएर यस्तै अरू शब्द खोज्न उत्प्रेरित गराउनु व्यावहारिक देखिन्छ ।

पाठ्यरचनाबाट शब्दनिर्माणका निम्ति समस्त शब्द पनि खोज्ने अभ्यास गराउन सकिन्छ । शङ्कर लामिछानेद्वारा लिखित 'गोधूलि संसार' निबन्धको सानो अनुच्छेदमा प्रयुक्त समस्त शब्दहरू खोज्ने क्रियाकलाप निम्नानुसार प्रस्तुत गरिएको छ :

> गुरु मलाई वनमान्छे हुन मन लागेको छ, कारण के भने त्यहाँ वनमा गरिएका कार्यहरू आत्मरक्षाका लागि गरिन्छन्, त्यसो गर्दा आफ्नो कार्यको औचित्यको व्याख्या गरिरहनुपर्दैन त्यहाँको हिंसाको मुख्य कारण हो त्रास ('नेपाली साहित्यिक रचना', *गोधूलि संसार*, पृ. ७७) ।

शिक्षकले विद्यार्थीलाई उक्त निबन्धांशका समस्त शब्द खोज्न लगाउँदा उनीहरूले 'वनमान्छे', 'आत्मरक्षा' जस्ता शब्द सहजै खोज्न सक्छन् । शिक्षकले ती शब्दको विग्रह के हुन्छ भन्ने बताइदिनुपर्दछ । पाठ्यरचनामा आधारित व्याकरण शिक्षणमा पाठकै वाक्य दिएर अशुद्ध बनाई शुद्धीकरण गराउन लगाउने, शब्दहरूको उच्चारण सिकाउन अक्षरीकरण गर्न लगाउने जस्ता क्रियाकलाप गराउन सकिन्छ । वाक्यतत्त्वको शिक्षण सँगसँगै पाठ्यरचनाका वाक्यहरूलाई वाक्यसंश्लेषण गराउँदा व्याकरण शिक्षण र सङ्क्षेपीकरणको सिप एकै पटक सिकाउन सकिन्छ । व्याकरणमा सिकेका शब्दहरू प्रयोग गरी विद्यार्थीलाई साना साना आख्यानात्मक, वर्णनात्मक अनुच्छेद रचना गर्न लगाउनुपर्दछ । यस्तो क्रियाकलापले रचनाबाट व्याकरण र व्याकरणबाट रचनातर्फ विद्यार्थीलाई दोहोरो सिप प्राप्त हुन्छ । शब्दको बनोट, स्रोत र वर्गको ज्ञान व्याकरण शिक्षणबाट प्राप्त भएपछि शिक्षार्थीहरूले रचनामा ती शब्द ठिक रूपमा प्रयोग गर्न सिक्छन् । शब्दबाटै ज्ञान र धारणाको निर्माण हुन्छ । कुनै पनि विचार शब्दको आड नपाई मूर्त हुन सक्तैन (पौडेल, २०४५, पृ. ३३४) । शब्द र वाक्यको कार्यको बोध र सिप प्राप्त भएपछि विद्यार्थी अभिव्यक्ति सिपतर्फ सक्षम हुन्छ । त्यसर्थ साहित्यिक रचनाका शैलीगत उपकरणको अलग शिक्षण गर्नुभन्दा साहित्यिक रचनालाई भाषिक तहमा शिक्षण गरी भाषाभित्रको व्यवस्था र विशिष्ट आलङ्कारिक भाषिक तहको बोध गराउनु व्यावहारिक हुन्छ । पाठ्यरचनाको प्रयोग गरी व्याकरण शिक्षण गर्दा विद्यार्थीको सहभागिता जरुरी हुन्छ । शिक्षकको एकालापीय व्याख्यान होइन छलफल, प्रश्नोत्तर, अभ्यास, प्रयोग जस्ता अन्तर्क्रियात्मक गतिविधिमा मात्र व्याकरण शिक्षण प्रभावकारी हुन्छ ।

## निष्कर्ष

पाठ्यरचना वा साहित्यिक रचनाको प्रयोगद्वारा गरिने व्याकरण शिक्षण अमूर्त, सैद्धान्तिक र शिक्षक केन्द्रित शिक्षण होइन भन्ने स्पष्ट भएको छ । सिर्जनात्मक वा रचनात्मक भाषिक सिपको विकासका निम्ति विद्यार्थीले पढ्ने पाठ्यरचनाकै प्रयोगद्वारा व्याकरण शिक्षण गर्दा मूर्त, सहभागितामूलक र अभ्यासकेन्द्री क्रियाकलापको सिर्जना हुन्छ । विद्यार्थीलाई अभिव्यक्ति सिपमा सक्षम बनाउन पनि रचनाबाट व्याकरण र व्याकरणबाट रचनातर्फ उन्मुख गराउने प्रयोग र अभ्यासमुखी शिक्षण आवश्यक देखिन्छ । पाठमा प्रयुक्त वाक्यहरूमै व्याकरण तत्त्वको पहिचान गराउन लगाउनु रचनामुखी व्याकरणको सही प्रयोग हो । विद्यार्थीलाई पाठ पढ्न लगाई पाठको अनुकृत सिर्जना गराएर त्यसै सङ्कथनबाट व्याकरण व्यवस्थाको खोजी गर्न लगाउनु भाषाको कार्यसँग व्याकरणलाई जोड्नु हो । विद्यार्थीले भाषाभित्रको व्यवस्थाको खोज आफ्नै रचना पाठ्यसामग्रीबाट जति वस्तुगत रूपमा गर्न सक्छ त्यति शिक्षकले प्रस्तुत गरेको परिभाषा र उदाहरणबाट गर्न सक्तैन । व्याकरणको शिक्षण रचनामुखी, प्रयोगमुखी र पाठ्यरचनाकेन्द्री भयो भने मात्र विद्यार्थी रचनाको पठन र आस्वादनमा संलग्न रहँदै सन्दर्भपूर्ण भाषिक प्रयोग गर्न उत्प्रेरित हुन्छ । सन्दर्भहीन परिभाषा, उदाहरण र एकोहोरो शिक्षकप्रदत्त व्याख्यानले व्याकरण शिक्षण निरस, अमूर्त र अव्यावहारिक बन्छ । पाठ्यरचनामा अन्तर्निहित शब्द, पदावली, वाक्य आदिको सन्दर्भपूर्ण व्याकरणिक कार्यको खोज गर्न, पहिचान गर्न र प्रयोगसँग परिचित हुन विद्यार्थी स्वयम्लाई सक्रिय गराउनुपर्छ । व्याकरण शिक्षण शिक्षकले सुनाउने क्रियाकलाप होइन । विद्यार्थीबाटै खोजिएका शब्द, वाक्य तथा भाषासामग्रीलाई शिक्षकले सहजकर्ता बनेर प्रयोग गर्न लगाउने व्याकरण शिक्षणको आगमन विधि नै अनिवार्य नेपाली विषयको पठनपाठनमा प्रयोग हुने वैज्ञानिक र व्यावहारिक शिक्षण विधि हो । विद्यार्थीका निम्ति निर्धारित पाठ्यरचनाबाटै सामग्री लिई स्वयम् विद्यार्थीलाई

प्रयोग र अभ्यासमा संलग्न गराउने प्रयोगात्मक व्याकरण शिक्षण विधि वस्तुगत, व्यावहारिक र विद्यार्थीमैत्री हुन्छ भन्ने निष्कर्ष प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।

**सन्दर्भ सामग्रीसूची**

अधिकारी हेमाङ्गराज (२०५०). *नेपाली भाषा शिक्षण.* (तृतीय संस्क.). काठमाडौँ : कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०५३). *भाषाशिक्षण केही परिप्रेक्ष्य तथा पद्धति.* (दोस्रो संस्क.). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

त्रि.वि. पाठ्यक्रम विकास केन्द्र (२०६६). *अनिवार्य नेपाली शिक्षण निर्देशिका.* ललितपुर : साझा प्रकाशन ।

त्रि.वि. पाठ्यक्रम विकास केन्द्र (२०७७). *नेपाली साहित्यिक रचना.* (तृतीय संस्क.). ललितपुर : साझा प्रकाशन ।

पौडेल, भूपहरि (२०४५). “नेपालीको शब्द भण्डार”. *नेपाली व्याकरणका केही पक्ष.* चूडामणि बन्धु (सम्पा.). काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०६५). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* (दोस्रो संस्क.). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४८). *शैलीविज्ञान.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०७१). *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।